# स्थानीय राजपत्र

## घोराही उपमहानगरपालिका

**५ नं. प्रदेश घोराही दाङ।**

# सामुदायिक विद्यालय दिवा खाजा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६

प्रस्तावना विद्यालय तह सम्मको पहुँच अभिवृद्धि गर्दै आधारभूत तहको शिक्षाको सुनिश्चितता गर्ने घोराही उपमहानगरपालिकाको शैक्षिक उद्देश्य रहेको छ। यो उद्देश्य हासिल गर्ने आ.वा. ०७६/०७७ मा नगर क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयहरुका बालविकास केन्द्र देखि प्रा बि तहमा अध्ययन गर्न आउने बालवालिकाहरुलाई दिवा खाजा खुवाउने कार्यक्रम संञ्चालन गर्ने भएको छ।उक्त कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट सञ्चालन व्यवस्थापन गर्न कार्यपालिकाले यो सामुदायिक विद्यालय दिवा खाजा कार्यक्रम सञ्चालन कार्यविधि,२०७६ जारी गरेको छ।

**१. संक्षिप्त नाम र**

प्रारम्भ १.१ यो कार्य विधिको नाम "सामुदायिक विद्यालय दिवा खाजा कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" रहेको छ।

१.२ यो कार्यविधि वि.सं. २०७६/ गतेदेखि लागु हुनेछ।

**२. कार्यक्रमको उद्देश्य**

क. विद्यालय उमेर समूहका बालबालिकाहरूको भर्ना दरमा वृद्धि गर्ने,

ख) शिक्षाको पहुँचमा बृद्धि गर्दै आधारभुत तहको शैक्षिक पहुचमा सुनिश्चितता गर्ने

ग) विद्यार्थीहरुको स्वास्थ्य एवम् पोषणको विद्यमान स्थितिमा सुधार ल्याउने

घ) विद्यार्थीहरुको कक्षा दोहोऱ्याउने र विद्यालय छाड्ने प्रवृत्तिमा कमी ल्याउने

ङ) विद्यार्थीहरुको नियमित कक्षा उपस्थिति दरमा वृद्धि गर्ने

च) सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको आर्कषण वढाउने ,

**३. दिवा खाजाको परिकार**

३.१ स्थानीयस्तरमा उपलब्ध हुने खाद्यपदार्थबाट सम्बन्धित विद्यालय खाजा व्यवस्थापन समितिले विद्यार्थीहरूलाई देहायका समूहका खाद्य सामग्रीबाट “दिवा खाजा” तयार गरी विद्यार्थीहरूलाई आफनो घरबाट ल्याउन लगाउनुपर्नेछ : (क) कार्बोहाइड्रेट समूह (शक्ति दिने) जस्तै :- चामल, गहुँ, मकै, कोदो, फापर, जौ, आलु , तरुल, सखरखण्ड आदि । (ख) प्रोटिन समूह (शारीरिक विकास गर्ने ) जस्तै :- भटमास, सिमी, के राउ, चना, गेडागुडी, माछा, मासु, अण्डा आदि । (ग) मिनरल समूह (शक्ति दिने, प्रतिरक्षात्मक) जस्तै :- हरिया सागपात र अन्य हरिया तरकारीहरू । (घ) भिटामिन मिनरल्स (शरीरका अङ्गहरूको सन्तुलित विकास र कार्य क्षमता बृद्धिगर्ने) जस्तै :- स्याउ, सुन्तला, जुनार, नासपती, मेवा, केरा आदि । (ङ) चिल्लो पदार्थ समूह, जस्तै :- घ्यू, तेल, नौनी, दूध, दही आदि । तर दुध, दही मात्र खुवाउँदा चिल्लो पदार्थ को मात्रा पुग्ने गरी उपलब्ध गराउन पर्नेछ।

३.२ बजारका तयारी अवस्थामा रहेका खाद्य सामग्रीको (junk food)प्रयोगलाई पूर्ण रुपमा निषेध गर्नुपर्नेछ ।

**४.१.घोराही उपमहानगरपालिका भित्रका विद्यालयहरुमा दिवा खाजा व्यवस्थापन गर्न देहाय वमेजिमको दिवा खाजा व्यवस्थापन उपसमिति**

| | |
|---|---|
| क) नगर उपप्रमूख | अध्यक्ष |
| ख) सामाजिक विकास समितिका संयोजक | सदस्य |
| ग) महिला वडा अध्यक्ष | सदस्य |
| घ) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ङ ) अध्यक्षबाटतवाट मनोनित विद्यालय व्यवस्थापन अध्यक्ष १ | सदस्य |
| च) नगर कृषि शाखा प्रमुख | सदस्य |
| छ) नगर स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| च) अध्यक्षबाटतवाट मनोनित शिक्षकहरु मध्येबाट | २ जना सदस्य महिला सहित |
| छ) शिक्षा युवा तथा खेलकुद महाशाखा प्रमुख | सदस्य सचिव |

**४.२ समितिको वैठकमा आवश्यकता अनुसार अन्य निकायबाट समेत पदाधिकारीहरुलाई आमन्त्रण गर्न सकिने छ ।**

**४.३ दिवा खाजा व्यवस्थापन नगर स्तरीय निर्देशक समितिको काम कर्तव्य र अधिकार ,**

क) दिवा खाजा र्कायक्रम सञ्चालन गर्ने विद्यालयहरुलाई निर्देशन दिने ।

ख) प्रस्तुत दिवा खाजा कार्यक्रम सञ्चालन कार्यविधि कायन्वयन गर्ने र सहजिकरण र नियमनको कार्य गर्ने ।

ग) विद्यालय दिवा खाजा कार्यक्रमको अनुगमन व्यवस्थापन गर्ने ।

घ) विद्यालय दिवा खाजा कार्यक्रम सञ्चालनको क्रममा विद्यालयहरुमा समाधान हुन नसकेका समस्याहरुको सामाधानका लागि आवश्यक कार्य गर्ने ।

ङ) विद्यालय दिवा खाजा कार्यक्रम सुचारु रुपमा सञ्चालन गर्न अन्य आवश्यक व्यवस्था मिलाउने ।

**५. शिक्षा युवा तथा खेलकुद महाशाखाको काम ,कर्तव्य , अधिकार**

क) विद्यालय दिवा खाजा कार्यक्रम सञ्चालन गर्न नगर स्तरिय निर्देशक समितिले गरेका निर्णयहरु कार्यान्वयन गराउने

ख) विद्यालयहरुलाई दिवा खाजा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्रेरित गर्ने

ग) विद्यालयहरुलाई सम्भव भए सम्म स्थानीय स्तरमा उपलब्ध हुने खाद्य सामाग्रीहरुको प्रयोग गरी खाजा तयार गरी घरबाट ल्याउन लगाउने

घ) विद्यालयहरुमा बालविकास केन्द्र देखि कक्षा ५ सम्मका कक्षामा भर्ना भएका विद्यार्थीको दैनिक हाजिरी सहयोगि कार्यकर्ताबाट तयार गरी विद्यालयले प्रमाणीत गरी पठाएको विवरणको आधारमा दैनिक प्रति विद्यार्थी रु १५।- का दरले चौमासीक हुन आउने रकम विद्यालयको खातामा अनुदान स्वरुप निकासा व्यवस्थाको लागि आर्थिक प्रशासन शाखामा सिफारीस गरी पठाउने ।

ङ) विद्यालय दिवा खाजा कार्यक्रमको सम्वन्धमा माथिल्लो निकायहरुबाट प्राप्त निर्देशनहरु कार्यान्वयन गर्ने गराउने ।

च) स्थानीय निकाय, तथा गैर सरकारी संघ संस्थाहरु वीच समन्वय गरी दिवा खाजा कार्यक्रमलाई सहयोग पुऱ्याउने वातावरण सिर्जना गर्ने ।

६.३.खाजा व्यवस्थापन समितिलाई आवश्यक सहयोग गर्ने दायित्व विद्यालय व्यवस्थापन समितिको हुनेछ ।

७. विद्यालय दिवाखाजा कार्यक्रमको आर्थिक व्यवस्थापन :

(क) नगरपालिकाबाट विद्यालय दिवा खाजा कार्यक्रम वापत प्राप्त भएको रकमको आम्दानी खर्चको हिसाव दुरूस्त राख्नुपर्नेछ,

(ख) बुँदा नं. (क) अनुसारको हिसाव विद्यालय व्यवस्थापन समितिबाट अनुमोदन/पारित गराई विद्यालयलाई उपलब्ध गराउने दायित्व विद्यालय खाजा व्यवस्थापन समितिको सदस्य सचिवको हुनेछ, ढ  (ग) बुँदा नं. (ख) अनुसारको प्रगति चौमासिक रूपमा नगरपालिकामा पठाउनु पर्नेछ ।

(घ) शिक्षा नियमावली २०५९को नियम १७१ (क) अनुसारको समितिबाट खाजा कार्यक्रमको सामाजिक परीक्षण र नियमानुसार लेखा परीक्षण गराउने दायित्व विद्यालय व्यवस्थापन समितिको हुनेछ,

(ङ) दिवाखाजा कार्यक्रमका लागि नगरपालिकाबाट विद्यालयको खातामा उपलब्ध गराइनेछ र आमाहरुको भेला गराइ आमाहरुलाई नगद नै रकम भरपाई गरि हस्तान्तरण  गर्ने ।

८. विद्यालयका प्रधानाध्यापकको काम, कर्तव्य र जिम्मेबारी

(क) नगरपालिकाबाट खाजाको रकम निकासा लिई विद्यार्थीका आमाहरुलाई मासिक रुपमा नगद उपलब्ध गराउने,

(ख) विद्यालयका विद्यार्थीहरूले  ल्याएको खाजा मध्यान्तरमा खाने व्यवस्था मिलादिने ।

(ग) कक्षा शिक्षकबाट विद्यार्थीले खाजा ल्याए नल्याएको प्रमाणित गराई मासिक रुपमा दैनिक रुपमा १५/ का दरले उपलब्ध गराउने

(घ) खाजा बापत रकम प्राप्त हुने कक्षाको लागि अभिभाबकबाट कुनै रकम खाजा बापत उठाउन नदिने ।

## ६ भत्ता सम्बन्धी व्यवस्था

१ दिवा खाजा व्यवस्थापन उपसमितिको बैठक भत्ता सम्बन्धी व्यवस्था :
(क) दिवा खाजा व्यवस्थापन उपसमिति बैठक कम्तिमा मासिक रुपमा बस्नेछ  र आवश्यकता अनुसार जति पटक पनि बस्नेछ ।
ख)` दिवा खाजा व्यवस्थापन उपसमितिमा उपस्थित सदस्यहरुले बैठक बस्ने दिनमा प्रतिदिन रु १०००/ (एक हजार) का दरले बैठक भत्ता पाउने छन् ।
२. फिल्ड अनुगमन निरीक्षण भत्ता नियमानुसार व्यवस्था हुनेछ
१) दिवा खाजा व्यवस्थापन उपसमितिले विद्यालयमा खाजा व्यवस्थापनको सिलसिलामा विद्यालयहरु गई अनुगमन निरिक्षण गर्दा दिवा खाजा व्यवस्थापन उपसमिति वा सहजकर्ताले नियमानुसार भत्ता पाउने छन् ।
२) अनुगमन निरिक्षण जानुपर्ने भएमा समितिका सदस्यहरुको खटनपटन उक्त समितिका संयोजकको आदेशमा हुनेछ ।

## ७ व्याख्या / विश्लेषण

यस भन्दा अगाडी भई गरेका कार्यक्रम र क्रियाकलापहरु पनि यसै कार्यविधि अनुरुप भएको मनिनेछ ।

## वजेट विनियोजन

क) नेपाल सरकारबाट प्राप्त अनुदानबाट  निम्न अनुसार कार्यक्रममा समावेश गरिनेछ ।

यस आ वमा सञ्चालन गर्ने कार्यक्रम

| | |
|---|---|
| १. दिवा खाजा व्यवस्थापन उपसमिति तथा अन्य सरोकारवाला तथा मिडिया सहितको अनुगमन | १००००००। |
| २ विद्यालय अभिभावाकहरुलाई सचेतना कार्यक्रम | १००००००। |
| ३. विद्यालय व्यवस्थापन समिति तथा विद्यालय अभिवाक सघलाई सचेतना | ५०००००। |
| ४. वडा अध्यक्ष तथा का पा सदस्यहरुसग अन्तरक्रिया कार्यक्रम | १५००००। |
| ५. पत्रकार सग छलफल तथा अन्तरक्रिया कार्यक्रम एव सुचना प्रवाह | १५००००। |
| ६. दिवा खाजा व्यवस्थापन उपसमितिको बैठक तथा खाजा खर्च | ५०००००/ |
| जम्मा | ३२५०००० |